**गुराँस गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**रानीमत्ता, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

# स्थानीय राजपत्र

**खण्डः ०३** **संख्याः ०५** **मितिः २०७९ साल असोज ३० गते**

**भाग–२**
**गुराँस गाउँपालिका**

## अस्पताल स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७९

कार्यपालिकाबाट पारित मिति : २०७९/०६/२७

**प्रस्तावनाः**

आम नागरिकलाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनको लागि ५ शैया र १५ शैयाको अस्पतला स्थापना सम्बन्धि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ झ. ३ अनुसार गुराँस गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "५ शैया र १५ शैयाको अस्पताल सञ्चालन सम्बन्धि कार्यविधि, २०७८" रहेको छ ।
(२) यो कार्यविधि गुराँस गाउँपालिका भित्र लागु हुनेछ ।
(३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-
(क) "सञ्चालक समिति" भन्नाले खण्ड १० मा उल्लिखित समिति सम्झनु पर्दछ ।
(ख) "अनुमति प्रदान गर्ने निकाय" भन्नाले प्रचलित कानूनमा उल्लिखित अनुमति प्रदान गर्ने निकाय सम्झनु पर्छ ।

(ग) "अस्पताल" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापित गुराँस अस्पताल जनाउछ ।

(घ) "कर्मचारी" भन्नाले गाउँपालिकाको कार्यालय, विषयगत शाखा र वडा कार्यालयहरुमा कानून बमोजिम नियुक्त भई हाल कार्यरत स्थायी, अस्थायी तथा सेवा करारका कर्मचारी भनि बुझ्नु पर्दछ ।

(ङ) "भवन संहिता" भन्नाले भवन ऐन, २०५५ को दफा ३ को उपदफा (२) बमोजिम नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय भवन संहिता सम्झनु पर्छ ।

(च) "भवन निर्माण मापदण्ड" भन्नाले गुराँस गाउँपालिकाबाट जारी भएको भवन निर्माण सम्बन्धी मापदण्ड तथा प्रचलित कानूनमा व्यवस्था भएको भवन निर्माण मापदण्ड समेतलाई जनाउँछ ।

(छ) "गाउँपालिका" भन्नाले गुराँस गाउँपालिका सम्झनु पर्छ ।

३. **स्वास्थ्य सेवा सञ्चालनः** (१) प्रचलित कानूनमा भएको व्यवस्था अनुसार ५ शैया र १५ शैयाको अस्पताल सञ्चालनको लागि सम्बन्धित निकायबाट अनुमति प्राप्त गरी अस्पताल सञ्चालन गर्नु पर्नेछ ।

(२) अस्पतालले आफ्नो उद्देश्य र क्षमता अनुसार अनुमति प्रदान गर्ने निकायबाट अनुमती लिई देहायका सेवाको समुचित व्यवस्था गरी स्वास्थ्य सेवा सञ्चालन गर्नेछः-

(क) आकस्मिक सेवा,

(ख) बहिरंग सेवा,

(ग) अन्तरंग सेवा,

(घ) निदानात्मक सेवा (प्रयोगशाला, रेडियो ईमेजिङ आदि),

(ङ) सामान्य तथा मध्यम शल्यक्रिया,

(च) प्रवर्द्धात्मक तथा प्रतिरोधात्मक सेवा,

(छ) विशेषज्ञ सेवा,

(ज) फार्मेसी सेवा,

(झ) आयुर्वेद सेवा,

(ञ) आवश्यक्ता अनुसारको अन्य सेवा

४. **गुणस्तर सुनिश्चितता सम्बन्धी मापदण्डः** (१) अस्पतालले खण्ड ३ बमोजिमको स्वास्थ्य सेवा सञ्चालन गर्दा देहायको गुणस्तरको सुनिश्चितता गर्नुका साथै देहायमा उल्लेखित मापदण्डहरुको समेत पालना गर्नु पर्नेछः-







क) बहिरंग विभागमा आउने बिरामीको चापका आधारमा बिरामी दर्ता, विशेषज्ञ परामर्श, निदानात्मक सेवाहरु र औषधि कक्षमा छिटो छरितो सेवा दिने व्यवस्था मिलाउनु पर्नेछ ।

ख) अस्पतालमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनले निर्धारण गरेका मापदण्ड बमोजिम संक्रमण नियन्त्रणको व्यवस्था हुनुपर्ने छ र सो को नियमित र प्रभावकारी अनुगमन गर्नुपर्ने छ ।

ग) अस्पतालले विभिन्न ईकाइबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरु स्तरीय रुपमा सञ्चालन गर्न कार्य सञ्चालन निर्देशिका तयार गरी लागू गर्नु पर्नेछ

घ) अस्पतालले बहिरङ्ग सेवा प्रदान गर्ने विशेषज्ञ चिकित्सक वा अन्य चिकित्सकहरु उपलब्ध हुने समय तालिका (दिन र बार खुल्ने गरी) सबैले देख्ने ठाउँमा राखिएको हुनु पर्नेछ ।

ङ) अस्पतालले उपलब्ध गराउने भनिएको विशेषज्ञ सेवा सम्बन्धित बिशेषज्ञ चिकित्सकबाटै प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

च) बिरामीले आफूले सेवा लिन चाहेको चिकित्सकबाट सेवा लिन पाउने व्यवस्था सुनिश्चित गर्नु पर्नेछ ।

छ) अस्पताल परिसर तथा सेवा लिने कक्षहरु नियमितरुपमा सफा सुग्घर राखिएको हुनु पर्नेछ ।

ज) सबैले देख्ने स्थानमा सुझाव पेटिका राखिएको हुनु पर्नेछ ।

झ) जनगुनासो व्यवस्थापनका लागि गुनासो सुन्ने अधिकारी तोकी जनगुनासो तथा पर्न आएको उजुरी समाधान गर्ने व्यवस्था मिलाएको हुनुपर्ने छ । साथै समस्या समाधान हुन नसक्ने भएमा सो को कारण सहित सम्बन्धित व्यक्तिलाई जानकारी गराउनु पर्नेछ ।

ञ) बिरामीले अस्पतालबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रकृया तथा अवधि समेत खुलाएको नागरिक बडापत्र अस्पतालको अग्र भागमा देखिने गरी राख्नु पर्ने छ र सोही अनुरुप सेवाको सुनिश्चितता गर्नु पर्ने छ ।

ट) अस्पतालमा आउने बिरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने व्यवस्था गरेको हुनु पर्नेछ ।

ठ) सेवा प्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको सुरक्षाका लागि विभिन्न सरुवा रोग विरुद्धको खोप तथा व्यक्तिगत सुरक्षा व्यवस्था गरेको हुनु पर्नेछ ।

ड) अस्पतालमा कार्यरत कर्मचारीहरुको सेवा सेवा शर्त सम्बन्धि नियमानुसार नियमावली बनाई सेवा संचालन गर्नु पर्नेछ ।

ढ) अस्पतालले नेपाल सरकारबाट सञ्चालित सेवा वा कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारले तोकेको प्रोटोकल/मापदण्ड/निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुनु पर्नेछ ।

ण) अस्पतालले चौबिसै घण्टा चिकित्सक तथा दक्ष स्वास्थ्य कार्यकर्ताबाट आकस्मिक सेवा दिने व्यवस्था मिलाएको हुनु पर्नेछ ।

त) अस्पतालमा रहेको आकस्मिक शैया क्षमताको आधारमा चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीको व्यवस्था गरेको हुनु पर्नेछ ।

थ) आकस्मिक विभागबाट बिरामी भर्ना, रिफर गर्ने बिरामीको रेफरल प्रक्रिया र बिरामी सार्ने पद्बति स्पष्ट परिभाषित भएको हुनु पर्नेछ ।

द) अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, बेवारिसे बिरामीका लागि कूल शैयाको दश प्रतिशत शैया छुट्याई निःशुल्क उपचार अनिवार्य रुपमा उपलब्ध गरानु पर्नेछ र बाकी सबै बिरामी लाई नेपाल सरकारले तोके बमोजिमको र अस्पताल ब्यबस्थापन समितीले गरेको निर्णय बमोजिमको शुल्क लाग्ने छ ।

ध) खण्ड (द) बमोजिम उपलब्ध गराईएको उपचार सेवाको अभिलेख राखि गाउँ कार्यपालिकामा सो को प्रतिवेदन नियमित रुपमा पठाउनु पर्नेछ ।

न) अस्पताल सञ्चालन गरिने भवन र अन्य पूर्वाधार भवन संहिता र सम्बन्धित क्षेत्रको भवन निर्मण सम्बन्धि मापदण्ड अनुरुप हुनु पर्नेछ ।

प) अस्पतालले विपद् व्यवस्थापनको कार्य योजना बनाएको हुनु पर्नेछ। सो कार्यका लागि सम्पर्क व्यक्ति तोकि सो को जानकारी गाउँ कार्यपालिकाको कार्यालयमा दिनु पर्नेछ ।

फ) अस्पतालले सूचना अधिकारी तोक्नु पर्नेछ ।

२) अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाको गुणस्तरलाई सुनिश्चिता प्रदान गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गुणस्तर चिन्ह लिन अस्पताललाई प्रोत्साहन गरिनेछ ।

**५. गुणस्तर तथा मापदण्ड अनुगमन सम्बन्धि व्यवस्थाः** (१) अस्पतालले आफूले प्रदान गरेको सेवाहरुको गुणस्तर यस कार्यविधिमा उल्लेखित मापदण्ड बमोजिम भए नभएको सम्बन्धमा प्रत्येक बर्ष परीक्षण (स्वःमूल्यांकन) गराई सो को प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको मितिले तीन महिना भित्र गाउँपालिका







कार्यालयमा प्रचलित कानूनले तोके बमोजिमको ढाँचामा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधि भित्र प्रतिवेदन पेश नगरे अस्पताललाई सो प्रतिवेदन पेश गर्न गाउँपालिकाले निर्देशन दिन सक्नेछ ।

(३) यस कार्यविधि बमोजिम निरीक्षण तथा अनुगमनका क्रममा दिएको निर्देशन पालना नगरेमा, यस कार्यविधि बमोजिमको गुणस्तर तथा पूर्वाधार मापदण्ड पूरा नगरेमा र गुणस्तर परीक्षणको बार्षिक प्रतिवेदन पेश नगरेमा अस्पताललाई गाउँ पालिकाले अस्पतालले प्रदान गरी आएको सेवा पूर्ण वा आंशिकरुपमा तत्काल बन्द गर्न आदेश दिन सक्नेछ ।

४) अस्पताललाई कारवाही गर्नु पूर्व अस्पताललाई मनासिब माफिकको सफाई पेश गर्ने मौका दिईनेछ ।

५) यस कार्यविधिकमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि अन्य प्रचलित कानून बमोजिम प्रदान गरिने अनुगमनलाई यो व्यवस्थाले सिमित गर्ने छैन ।

**६. अस्पतालको पूर्वाधार सम्बन्धि मापदण्डहरुः** (१) अस्पतालले सेवा सञ्चालन गर्दा देहाय बमोजिमको पूर्वाधार सम्बन्धि मापदण्ड पूरा गरेको हुनु पर्नेछः-

(क) अस्पताल रहने स्थान धुँवा, धुलो, ध्वनी, जल तथा जमिन प्रदुषणबाट मुक्त भएको ।

(ख) अस्पताल रहने क्षेत्र र हाता भित्र उपयुक्त सुरक्षाको व्यवस्था भएको ।

(ग) अस्पताल स्थापना हुने स्थान सडक यातायातको पहुँच भएको ।

(घ) पानी, बिजुली र सञ्चार सुविधा उपलब्ध भएको ।

(ङ) सवारी साधन पार्किङको लागि पर्याप्त व्यवस्था भएको ।

(च) अस्पताल परिसरमा स्वस्थकर वातावरणका लागि वृक्षारोपण तथा बगैचाको व्यवस्था भएको ।

(छ) जोखिमपूर्ण फोहर व्यवस्थापनका लागि उपयुक्त प्रविधिको व्यवस्था गर्नुका साथै फोहरमैला व्यवस्थापन ऐन २०६८, फोहरमैला व्यवस्थापन नियमावली २०७० बमोजिम फोहर व्यवस्थापनका लागि आवश्यक पूर्वाधार व्यवस्था मिलाएको ।

(२) आकस्मिक सेवाको लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धि मापदण्ड पुरा गरको हुनु पर्नेछः-

(क) कुल शैया क्षमताको लागि कम्तिमा दश प्रतिशतका दरले आकस्मिक कक्षमा शैयाहरु उपलब्ध हुनु पर्नेछ ।

(ख) आकस्मिक कक्ष सञ्चालन गर्दा अल्ट्रासाउन्ड, एक्सरे इमेर्जिङ सेवा, प्रयोगशाला, ओ.पी.डी., ओ.टी. तथा अन्य वार्डहरुमा समेत सजिलै बिरामी ल्याउन सकिने ह्विलचेयर, ट्रली, स्टेचरको व्यवस्था गरि सञ्चालनमा ल्याएको हुनु पर्नेछ ।

(ग) आकस्मिक कक्षमा प्रतिक्षालय, शौचालय, ट्रायज (Triage Room) चेन्जिङ्ग रुम, Medico–legal Case जस्तै Rape victim आदिको लागि गोपनियता सुनिश्चित हुने कोठाको समेत व्यवस्था भएको हुने पर्नेछ ।

(घ) चौबीसै घण्टा आकस्मिक सेवा दिने व्यवस्था मिलाएको हुनु पर्नेछ ।

(ङ) अस्पतालमा आकस्मिक सेवाका लागि दक्ष स्वास्थ्यकर्मी चौबीसै घण्टा र चिकित्सक अनकल (on call) मा उपलब्ध हुने व्यवस्था हुनु पर्नेछ ।

(च) आकस्मिक विभागबाट बिरामी भर्ना गर्न, रिफर गर्ने बिरामीको रेफरल प्रकृया तथा बिरामी सार्ने पद्दति स्पष्टरुपमा परिभाषित रहेको हुनु पर्नेछ ।

(छ) प्रकोपजन्य रोगहरु, प्राकृतिक प्रकोप जस्ता पक्षहरुलाई विचार गरी आकस्मिक उपचार सेवाका लागि संस्थाले विपद-व्यवस्थापन योजना बनाएको हुन पर्नेछ ।

(ज) आकस्मिक सेवामा काम गर्ने जनशक्ति कम्तिमा Basic Life Support (BLS)/Primary Trauma Care PTC)/Advance Cardiac Life Support (ACLS)/Advance Trauma Life Support (ATLS) आदी सम्बन्धि तालिम लिएको हुनु पर्नेछ ।

(३) बहिरंग विभागका लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धि मापदण्ड पुरा गरेको हुनु पर्नेछः-

क) अस्पतालबाट प्रदान हुने विशेषज्ञ सेवाका लागि ओ.पि.डि. कक्षको व्यवस्था मिलाएको ।

ख) अस्पतालका लागि सामान्यतया सामान्य चिकित्सक, बालरोग, सामान्य शल्यक्रिया, स्त्री तथा प्रसुती सेवा हुनु पर्ने तथा पूर्वाधार पूरा गरी हाड जोर्नी, नाक कान घाँटी, छाला तथा यौन रोग, आँखा, दन्त सेवा जस्ता सेवाको लागि स्वेछिक रुपमा सञ्चालन गर्न सक्ने ।

(ग) उपलब्ध भएका चिकित्सकहरु मध्ये सेवाग्राहीले उपलब्ध भए सम्म बिशेषज्ञ चिकित्ससँग परीक्षण गर्न पाउने व्यवस्था भएको हुनुपर्नेछ ।





अस्पताल स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७९

(४) अन्तरंग विभागका लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पुरा गरेको हुनु पर्नेछः-

क) अस्पतालमा सामान्य शल्यक्रिया पश्चात पनि बिरामीको अवस्था स्थिर नभएसम्म उक्त शल्यक्रिया गर्ने समूह तथा चिकित्सक अस्पतालमा रहिरहनु पर्ने र तत् पश्चात पनि सर्जरीको प्रकृति हेरी आवश्यक परेको खण्डमा तत्काल उपलब्ध हुने व्यवस्था मिलाउनु पर्नेछ र उपयुक्त रेफर प्रणालीको व्यवस्था मिलाईएको हुनुपर्नेछ ।

ख) नर्सिङ ड्युटि स्टेशनबाट प्रत्येक बिरामीको प्रत्यक्ष निगरानी हुने व्यवस्था गर्नु पर्ने । उक्त सुविधा नभएमा प्रत्येक बिरामीको शैयामा कल बेल राख्न पर्ने ।

(५) एलाईड हेल्थ तथा निदानात्मक सेवाका लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धि मापदण्ड पुरा गरेको हुनु पर्नेछः-

क) प्रत्येक किसिमका परीक्षणको लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला नीति अनुरुपको प्रयोगशालाको व्यवस्था भएको हुनु पर्ने ।

ख) रेडियो डाइग्नोसिस, अल्ट्रासाउन्ड, एक्सरे फिल्म लोडिङ, अनलोडिङ तथा प्रोसेसिङ लगायतका ईमेर्जिङ सेवा कक्षहरु ओ.पि.डी., ओ.टी. तथ वार्डहरुलाई समेत सजिलै बिरामी ल्याउन लैजान सकिने सकिने (ह्वील चेयर/ट्रली, स्टेचर) गरी संचालनमा ल्याएको हुनु पर्नेछ ।

ग) यस्ता सेवा प्रदान गरिने कोठाहरुमा प्रतिक्षालय, शौचालय, चेन्जिङ रुमको समेत व्यवस्था भएको हुनु पर्ने ।

(६) अस्पतालमा पोषण, खोप, आमा र बच्चाको स्वास्थ्य, परिवार नियोजन जस्ता सेवाहरुको नेपाल सरकारको नीति बमोजिम प्रवर्द्धनात्मक तथा प्रतिरोधात्मक सेवा उपलब्ध हुनु पर्नेछ ।

(७) अस्पतालमा कम्तीमा बच्चा तथा आमाको लागि विशेषज्ञ सेवा उपलब्ध हुनु पर्नेछ ।

(८) ओषधि पसल (Pharmacy) संचालनका लागि देहाय बमोजिमको पूर्वाधार मापदण्ड पुरा गरेको हुनु पर्नेछः-

क) अस्पताल हाता भित्र औषधि पसल (Pharmacy) को व्यवस्था हुनु पर्नेछ

ख) चौबीसै घण्टा फार्मेसी (Pharmacy) सञ्चालनका लागि सम्बन्धित विषय अध्ययन गरेको दक्ष जनशक्तिको व्यवस्था हुनु पर्नेछ ।

ग) फार्मेसी कक्षमा औषधिको गुणस्तरमा ह्रास नहुने गरी सुरक्षित भण्डारण गर्ने व्यवस्था मिलाउनु पर्ने छ । साथै ताप संवेदनशील औषधि तथा भ्याक्सिनको भण्डारण तोकिएको तापक्रममा भण्डारण हुनु पर्ने ।

घ) उपचारमा प्रयोग गरिने लागू औषधीहरु (Narcotic drugs) लागू औषध नियन्त्रण ऐन, २०३३ बमोजिम अस्पतालले चिकित्सकको लिखित प्रेस्क्रीप्सन अनुसार मात्र वितरण गर्ने व्यवस्था मिलाएको हुन पर्नेछ। साथै औषधीको आम्दानी तथा वितरणको अभिलेख राख्नु पर्नेछ ।

ङ) म्याद नाघेका औषधिहरु नियमित रुपमा नेपाल स्वास्थ्य अनुसन्धान परिषदको Hospital Waste Management Guideline भएकोमा सोही बमोजिम र नभएको खण्डमा विश्व स्वास्थ्य संगठनको निर्देशिका बमोजिमको विधि अपनाई नष्ट गर्नु पर्नेछ ।

च) आकस्मिक सेवाका लागि चाहिने आवश्यक औषधिहरु चौबीसै घण्टा उपलब्ध हुने व्यवस्था हुनु पर्नेछ ।

छ) अस्पतालले बाह्य व्यक्ति वा संस्थालाई फार्मेसी सेवा संचालन गर्न दिएको अवस्थामा सो व्यक्ति वा संस्थाले पनि अस्पतालले पालना गर्नु पर्ने माथि उल्लेख भएका सम्पूर्ण शर्तहरु तथा अस्पताल ब्यबस्थापन समितीले (Pharmacy) संचालन सम्बन्धि गरेका निर्णयहरु अनिवार्य रुपमा पालना गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ ।

ज) औषधिको खुद्रा मूल्यमा छुटको व्यवस्था भएमा सबैले देख्ने गरी सूचना टाँस गर्नु पर्नेछ ।

झ) भवन संहितामा उल्लेखित मापदण्ड अनुरुप औषधि पसल (Pharmacy) सञ्चालन हुने भवन निर्माण भएको हुनु पर्नेछ ।

(९) रक्त सञ्चार सेवा (Blood Bank) का लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धि मापदण्ड पुरा गरेको हुनु पर्नेछः-

क) अस्पताल हातामा ब्लड बैंकको व्यवस्था भएको हुनु पर्ने । सो नभएमा बिरामी लागि आवश्य पर्ने ब्लड उपलब्ध हुने गरी व्यवस्था मिलाइएको हुनु पर्नेछ ।

ख) ब्लड बैंकको सम्बन्धमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको नीति अनुरुपको व्यवस्था भएको हुनु पर्नेछ ।







(१०) अस्पतालमा रहेका बिरामी तथा अन्य सेवाग्राहीलाई असहज नहुने गरी अलग्गै चिस्यान कक्ष शवगृहको व्यवस्था भएको हुनु पर्नेछ ।

(११) अस्पताल व्यवस्थापनका लागि देहाय बमोजिमको पूर्वाधार सम्बन्धि मापदण्ड पूरा गरेको हुनु पर्नेछः-

क) सोध पुछ तथा गुनासो सुनुवाई कक्षः-

१) सेवाग्राहीहरुको सुविधाको लागि आवश्यक कर्मचारी सहितको सोधपुछ कक्षको व्यवस्था हुनु पर्ने ।

२) अस्पतालले प्रदान गर्ने सेवाका विषयमा सेवाग्राहीको गुनासो सुनुवाई गर्ने उचित प्रवन्ध मिलाइएको हुनु पर्ने ।

ख) सूचना संप्रेषणः

१) अस्पताल भित्र प्रभावकारी सूचना संप्रेषणका लागि आन्तरिक टेलीफोन कलको व्यवस्थाका साथै आवश्यक आधुनिक संयन्त्रको समुचित प्रयोग हुनु पर्नेछ ।

२) अस्पतालहरुमा सार्वजनिक संचार सेवाको व्यवस्था हुनु पर्नेछ ।

३) प्रहरी, एम्बुलेन्स, दमकल जस्ता सेवा लगायतका आकस्मिक सेवाका लागी टेलीफोन नम्बरहरु स्पष्ट देखिने गरी राख्नु पर्नेछ ।

(ग) पानी वितरणः- (१) अस्पतालमा बिरामी र अन्य व्यक्तिहरुका लागि चौबीसै घण्टा शुद्ध पिउने पानी विश्व स्वास्थ्य संगठनले तोके अनुरुपको आपूर्ति हुनु पर्नेछ ।

(२) अस्पतालद्बारा वितरण हुने पानीको गुणस्तर परीक्षण ४/४ महिनामा गराई अभिलेख राखिएको हुनु पर्नेछ। बहिरंग, नर्सिङ्ग कक्ष, अन्तरंग, अप्रेस थिएटर र आपतकालीन कक्षहरुमा समेत पानीको उचित व्यवस्था हुनु पर्नेछ ।

(घ) विद्युत आपूर्तिः (१) अस्पताल क्षेत्रभित्र र सबै विभागहरुमा चौबीसै घण्ट विद्युत आपूर्ति हुने व्यवस्था मिलाएको हुनु पर्नेछ। साथै लोड सेडिङको समयमा विद्युत आपूर्ति गर्न अटोमेटिक ब्याक अप सिष्टम स्थापना गरेको हुनु पर्नेछ ।

(२) ओ.टी. र इमर्जेन्सी कक्ष लगायतका संवेदनशिल कक्षहरुमा आपतकालीन विद्युत ब्याक-अप सिष्टम राखेको हुनु पर्नेछ ।

(ङ) सरसफाई तथा शौचालय व्यवस्थाः-

(१) अस्पतालको सम्पूर्ण क्षेत्र सधैं सफा राख्नु पर्नेछ ।

(२) अस्पतालमा देहाय बमोजिमको सेवा दिइने कक्षहरु वा क्लिनिकमा शौचालयको व्यवस्था हुनु पर्नेछः-

(क) आकस्मिक सेवा

(ख) लेवर रुम

(ग) प्याथोलोजी सेवा

घ) बहिरंग विभाग (आवश्यकता अनुसार महिला र पुरुषका लागि अलग अलग)

ङ) प्रति ६ बेडको जनरल सेवामा एक शौचालय

च) महिला तथा अपाङ्गका लागि छुट्टा छुट्टै र अपाङ्गमैत्री शौचालय हुनुपर्नेछ

छ) क्याबिन तथा डबल रुमका लागि (एटेच शौचालय भएको)

ज) डाक्टर तथा स्टाफका लागि (आवश्यकता अनुसार शौचालय)

(३) अस्पताल हाता भित्र सेवाग्राही तथा सेवा प्रदायकका लागि पर्याप्त पानी र साबुन सहितको शौचालयको व्यवस्था हुनु पर्नेछ ।

(४) शौचालय सधैं सफा राख्ने व्यवस्था गरेको हुनु पर्नेछ ।

(५) मर्मत सम्भार व्यवस्थाः-

क) अस्पतालले प्रयोग गर्ने उपकरण तथा औजारहरु समयमै मर्मतको व्यवस्था हुनु पर्नेछ। साथै ठूला र गम्भिर प्रकृतिका औजार उपकरणहरुको कम्पनीले निर्दिषेट गरेको मर्मत अवधि अनुसार मर्मत सम्भार कार्ययोजना बनाई सोही अनुसार मर्मत गरेको हुनु पर्नेछ ।

ख) अस्पतालको भवन, सवारी साधन, मेसिनरी औजार, यन्त्र, उपकरण, विद्युतिय उपकरण र अन्य विद्युतिय उपकरणहको नियमित मर्मत संभार गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ ।

(६) बिरामी कुरुवालाई सुविधाः- अस्पतालको वार्ड तथा अन्य उपचार दिने स्थानमा आवश्कता अनुसार बिरामीको साथमा रहने एक जना कुरुवालाई बस्ने प्रबन्ध हुनु पर्नेछ ।

(७) क्यान्टिन सुविधाः- अस्पताल हाता भित्र खाना पकाउने (Kitchen) र खाना खाने (Dinning) अलग-अलग ठाउँ सहितको सफा र सुविधायुक्त क्यान्टिनको व्यवस्था भएको हुनु पर्नेछ ।







(८) लण्ड्री व्यवस्थाः- (क) अस्पतालमा प्रयोग हुने एप्रोन, पञ्जा, टोपी, जुत्ता तन्ना, तकिया, खोल, रुमाल जस्ता लुगा कपडा धुनको लागि लण्ड्रीको व्यवस्था भएको हुनु पर्नेछ ।

(ख) अस्पताल भर्ना भएका बिरामीको लुगा धुने सुविधाको व्यवस्था भएको हुनु पर्नेछ ।

(९) भण्डार (Store) व्यवस्थाः (क) आपत्कालीन अवस्थामा प्रयोग हुने सामाग्रीहरुको अलग्गै भण्डार कक्ष हुनु पर्नेछ। यस्तो भण्डारमा कम्तीमा एक महिनाको लागि अत्यावश्यक सामाग्री स्टक राख्ने हुनु पर्नेछ ।

(ख) अस्पतालको लागि आवश्यक लत्ता कपडा, सरसफाई सामाग्री, औजार, उपकरण तथा औषधिको न्युनतम मौज्जात रहनु पर्ने र सो सामाग्रीहरुको उपयुक्त भण्डारको (Refrigerator, Ventilation, A/C आदि) व्यवस्था गरेको हुनु पर्नेछ ।

(१०) सुरक्षा व्यवस्थाः (क) अस्पतालमा सुरक्षा व्यवस्था मिलाउन सुरक्षा गार्डको व्यवस्था भएको हुनु पर्नेछ ।

(ख) आपत्कालीन अवस्थाको लागि तत्काल सेवा प्रदान गर्न राज्यका सुरक्षा निकायसँग समन्वय कायम गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ ।

(११) एम्बुलेन्स सञ्चालनः अस्पतालमा मेडिकल एटेण्डेण्ड सहितको १ वटा एम्बुलेन्स अनिवार्य हुनु पर्नेछ र अस्पतालले त्यस्ता मेडिकल एटेण्डेन्टला Basic Emergency Medicine Training दिने व्यवस्था मिलाउनुका साथै एम्बुलेन्स सेवा सञ्चालन नीति २०६० बमोजिम एम्बुलेन्स सेवा संचालन गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ ।

(१२) यातायातको व्यवस्थाः अस्पतालले कम्तिमा रात्रीकालिन समयमा काम गर्ने कर्मचारीलाई आउन जान यातायातको व्यवस्था अनिवार्य रुपमा मिलाउनु पर्नेछ ।

(१३) स्थान तथा जग्गा पूर्वाधारः (क) अस्पताल रहेन स्थान (Location) छनौट गर्दा पायक पर्ने गरी प्रदुषणमुक्त क्षेत्रको छनौट गर्नु पर्नेछ ।

(ख) अस्पताल सञ्चालनको लागि आफ्नै स्वामित्वको पर्याप्त जग्गा हुनु पर्नेछ

(१४) अस्पतालको भवन (Building)-

(क) अस्पताल सेवा सञ्चालन गरिने भवनको नक्सा र डिजाइन भवन ऐन, २०५५ को दफा ११ मा भएको व्यवस्था अनुरुप स्वीकृत भएको हुनु

पर्नेछ। भवन संहिता तथा सम्बन्धित गाउँपालिकाले जारी गरेको मापदण्ड बमोजिमको भवन निर्माण भएको हुनु पर्नेछ।

(ख) भवनमा सर्व साधारणको जानकारीका लागि Disaster Management Plan तयार गरी सुरक्षा सम्बन्धि संकेत चिन्हहरु उपयुक्त स्थानमा प्रस्ट देखिने गरी राखिएको हुनु पर्नेछ।

(ग) अस्पतालको कोठाहरु उपयुक्त भेन्टीलेसन वा वातानुकुलित यन्त्र राखिएको हुनु पर्नेछ ।

(घ) अस्पतालमा प्रशासनिक कार्यालय, ओ.पि.डि., प्रयोगशाला, वार्ड, फार्मेसी, क्यान्टीनको व्यवस्था हुनु पर्नेछ।

(ङ) अस्पतालमा ह्विलचेयर तथा ट्रलीको सहज आवागमनको व्यवस्थाका लागि लिफ्ट/र्याम्पको व्यवस्था भएको हुनु पर्नेछ।

(च) प्रतिक्षालयमा आवश्यकता अनुसार बस्ने कुर्सीको व्यवस्था हुनु पर्ने र सूचना-पाटी, टेलिभिजन, पत्रपत्रिका लगायतका माध्यमबाट सूचना प्रदान गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ।

(छ) अस्पतालको कूल निर्माण क्षेत्रफल, प्रति शैया ५५ वर्ग मिटरका दरले हुनु पर्नेछ। उक्त क्षेत्र भित्र सोध पुछ कक्ष, दर्ता कक्ष, प्रतिक्षालय, प्रवेशद्वार सहितको हलको क्षेत्र समावेश भएको हुनु पर्नेछ। सो बाहेक भान्सा घर, लुगा धुने कोठा, जेनरेटर कक्ष, कर्मचारी आवास तथा भण्डार कक्ष, मर्मत सम्भार कक्ष आदिका लागि थप व्यवस्था गरेको हुनु पर्नेछ।

(ज) बहिरंग विभागको प्रत्येक कोठाको क्षेत्रफल कम्तिमा चौध वर्ग मीटर हुनु पर्नेछ। शौचालय, प्रतिक्षालय, विशेषज्ञको सहयोगी रहने कक्षका लागि पर्याप्त स्थान हुनु पर्नेछ।

(झ) बिरामीको चापको अनुपातमा पर्याप्त र सुविधाजनक हुने गरी फर्निचर सहितको प्रतिक्षालयको व्यवस्था भएको हुनु पर्नेछ।

(ञ) अस्पताल भित्र प्रवेश गर्ने र बाहिर निस्कने अलग-अलग प्रवेशद्वार र बहिर्गमन द्वार हुनु पर्नेछ।

(ट) आपतकालीन सेवाको लागि प्रयोग हुने सवारी साधनहरु अस्पतालको आपतकालीन कक्ष र अन्य अत्यावश्यक ठाउँमा सहज रुपमा जान सक्ने गरी अलग्गै बाटो र गेटको व्यवस्था गरेको हुनु पर्नेछ।

(ठ) सेवाग्राही र अस्पताल कर्मचारीहरुले प्रयोग गर्ने सवारी साधन र एम्बुलेन्स दमकल जस्ता सवारी साधनका लागि पार्किङको व्यवस्था हुनु पर्नेछ।







न्यूनतम पार्किङ्ग कूल जग्गाको पच्चीस प्रतिशत वा प्रति तीन शैयाका लागि एउटा कार पार्किङ गर्न मिल्ने स्थान मध्ये जुन बढी हुन्छ सोही अनुसार हुनु पर्नेछ।

(ड) अस्पताल जेष्ट नागरिक, बालबालिका तथा अपांगमैत्री हुनु पर्नेछ।

(ढ) ह्वीलचेयर, ट्रली, स्ट्रेचरको पर्याप्त व्यवस्था हुनु पर्नेछ र यस्ता सामाग्री राख्ने ठाउँ र चलाउन सकिने पर्याप्त ठाउँ र चलाउने मानिसको समेत व्यवस्था भएको हुनु पर्नेछ।

(१५) वातावरण व्यवस्थापनका लागि देहाय बमोजिमको मापदण्ड पुरा गरेको हुनु पर्नेछः-

(क) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन गर्दा फोहोरमैला व्यवस्थापनको सम्बन्धमा आवश्यक ध्यान दिनु पर्नेछ।

(ख) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकनमा प्रस्ताव भए बमोजिम कार्यान्वयन गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ।

(१६) फोहोरमैला व्यवस्थापनका लागि देहाय बमोजिमको पूर्वाधार मापदण्ड पूरा गरेको हुनु पर्नेछः-

(क) अस्पतालबाट निष्काशित फोहरमैलाको व्यवस्थापन फोहोरमैला व्यवस्थापन ऐन, २०६८ र फोहरमैला व्यवस्थापन नियमावली, २०७० ले तोके बमोजिम हुनु पर्ने।

(ख) अस्पतालबाट निस्कासन हुने सामान्य तथा चिकित्साजन्य फोहरमैला प्रकृति अनुसार स्रोतमै अलग अलग छुट्याउने, संकलन, ढुवानी तथा उचित विसर्जन गर्ने व्यवस्था मिलाउनु पर्ने।

(ग) अस्पतालबाट सृजित संक्रमणजन्य फोहरलाई निःसंक्रमण गरेर अन्तिम व्यवस्थापन गर्नु पर्ने।

(घ) अस्पतालमा मर्करीयुक्त उपकरणको सट्टा डिजीटल प्रबिधियुक्त उपकरण प्रयोग गर्नु पर्नेछ।

**७. जनशक्ति सम्बन्धि विस्तृत विवरणः**

(क) अस्तपालले देहायमा उल्लेखित जनशक्तिको व्यवस्था गर्नु पर्नेछ र आवश्यकता अनुसार कर्मचारीहरु थपघट गर्न सकिनेछ।

| सेवा/समूह | पद/तह | संख्या | कैफियत |
|---|---|---|---|
| १ | जनरल फिजिसियन (अधिकृत नवौं) | १ | |
| २ | मेडिकल अधिकृत (अधिकृत आँठौ) | २ | |
| ३ | हेल्थ असिष्टेन्ट (५/६/७) | ४ | |
| ४ | स्टाफ नर्स (५/६/७) | ६ | |
| ५ | कबिराज (५/६/७) | १ | |
| ६ | डेन्टल (५/६/७) | १ | |
| ७ | ल्याब टेक्निसियन (५/६/७) | १ | |
| ८ | फार्मेसी सहायक (५/६/७) | १ | |
| ९ | रेडियोग्राफर (५/६/७) | १ | |
| १० | अप्थाल्मिक सहायक | १ | |
| ११ | प्रशासन (सहायक चौथो/सहायक पाँचौ) | १ | |
| १२ | लेखा (५/६/७) | १ | |
| १३ | कार्यालय सहयोगी | ६ | |
| १४ | सरसफाई सहयोगी | ३ | |
| कुल जम्मा | | ३० | |

(ख) अस्पतालमा कार्यरत स्थानिय सेवा करारमा कार्यरत कर्मचारिहरुको हकमा स्थानिय सेवा ऐन २०७८ मा भएको व्यवस्था अनुसार स्थायी गरिनेछ ।

**८. औजार तथा उपकरणः** (१) ५ र १५ शैयाको अस्पताल सञ्चालनका लागि आवश्यक औजार तथा उपकरण प्रचलित संघिय तथा प्रदेश कानूनमा उल्लेख भए बमोजिम हुनेछ र सोही अनुसार औजार तथा उपकरणको व्यवस्था गर्नु पर्नेछ ।

(२) अस्पतालमा रहने न्यूनतम प्रयोगशाला तथा उपकरणहरुको हकमा देहायमा उल्लेख भए बमोजिम व्यवस्था गर्नु पर्नेछः-

(क) प्रयोगशालाका औजार तथा उपकरणहरु (Laboratory Instruments)-





अस्पताल स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७९

| S.N. | Name of Instruments | Unit | Quantity |
|---|---|---|---|
| 1 | Microscope | pcs | 1-3 |
| 2 | Semi Auto Analyzer (Bio Chemistry) | pcs | 1 |
| 3 | Incubator set | pcs | 1 |
| 4 | Chemical Balance | pcs | 1 |
| 5 | Electrolyte Analyzer | pcs | 1 |
| 6 | Colorimeter | pcs | 1-3 |
| 7 | Hot air Oven | pcs | |
| 8 | Autoclave | pcs | 1 |
| 9 | Refrigerator | pcs | 1 |
| 10 | Blood cell counter (18 parameters of above) | pcs | 1 |
| 11 | Generator | pcs | 1 |
| 12 | Centrifuge | pcs | 2 |
| 13 | Counting Chamber | pcs | 1-2 |
| 14 | DLC counter | pcs | 1-2 |
| 15 | Incinerator | pcs | 1 |
| 16 | Computer with Printer | pcs | 1 |

(ख) Imaging Equipment:

| S.N. | Name of Instruments | Quantity |
|---|---|---|
| 1 | 300 ma X-ray Machine | 1 |
| 2 | 100 ma X-ray Machine | 1 |
| 3 | 100 ma X-ray Machine (Mobile) | 1 |
| 4 | Dry View Processor (CR System) | स्वैच्छिक |
| 5 | Dental X-ray Machine | स्वैच्छिक |
| 6 | Ultra Sound Machine with color dropper & guided biopsy | 1 |
| 7 | ECG Machine | स्वैच्छिक |

**९. अस्पताल विकास कोषः-** (१) अस्पतालमा एक आफ्नै अस्पताल विकास कोष रहनेछ ।

(२) कोषको सञ्चालन अस्पताल प्रमुख र अस्पतालको लेखा जोखा राख्ने कर्मचारी वा समितीले तोकेको सदस्यको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(३) कोषमा अस्पताल सञ्चालनको लागि संघिय सरकार, प्रदेश सरकार, गाउँपालिका एवं अन्य जुनसुकै स्रोतबाट कानून बमोजिम प्राप्त रकम जम्मा हुनेछ ।

(४) खण्ड (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि अस्पताल सञ्चालनको क्रममा विभिन्न सेवा शुल्क र दस्तुर वापत अस्पतालमा प्राप्त आम्दानी गाउँपालिकाको संचित कोषमा मासिक रुपमा जम्मा गर्नु पर्नेछ ।

(५) कोषको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

**१०. अस्पताल सञ्चालक समितिको गठन र काम, कर्तव्य र अधिकारः-**

(१) अस्पताल सञ्चालनको लागि देहाय बमोजिमको अस्पताल सञ्चालक समिति गठन गर्नु पर्नेछः-

क) गाउँपालिका अध्यक्ष वा अध्यक्षले तोकेको ब्यक्ती - अध्यक्ष

ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह उतिर्ण भई समाज सेवाको क्षेत्रमा लामो समयसम्म काम गरी ख्याती प्राप्त, उच्च नैतिक चरित्र भएको बुद्धिजिवीहरुमध्येबाट गाउँपालिका अध्यक्षले तोकेको एक जना गाउँपालिका भित्रको व्यक्ति - सदस्य

ग) गाउँ कार्यपालिकाको सदस्य वा स्वास्थ्य क्षेत्र हेर्ने कार्यपालिका सदस्य मध्येबाट एक जना - सदस्य

घ) अस्पताल रहेको वडाका वडा अध्यक्ष - सदस्य

ङ) स्वास्थ्य तथा सामाजिक विकास शाखा प्रमुख - सदस्य

च) समाजसेवी, बुद्धिजिवीहरु मध्येबाट अध्यक्षले तोकेको १ जना - सदस्य

छ) अस्पताल प्रमुख - सदस्य सचिव

२) अस्पताल सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) सुव्यवस्थित ढंगले अस्पताल सञ्चालनको लागि आवश्यक नीतिगत, कानूनी एवं संस्थागत व्यवस्थाको लागि उपयुक्त निर्णय गरी प्रमुख







प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकामा पेश गर्ने ।

ख) मापदण्ड अनुसारको भौतिक संरचना निर्माण, जनशक्ति व्यवस्थापन, औजार तथा उपकरणको व्यवस्था लगायतका कार्यहरु गर्न आवश्यक समन्वय, सहजीकरण र सहकार्य गर्ने,

ग) अस्पताल सञ्चालनको लाग गाउँपालिकाले दिएका निर्देशनहरु र स्वीकृत कार्यक्रमहरुको कार्यान्वयन गर्ने तथा गराउने ।

घ) अस्पतालको भौतिक, आर्थिक, सामाजिक एवं संस्थागत वातावरणलाई स्वच्छ एवं स्वस्थ तुल्याउने,

ङ) अस्पतालबाट सेवा प्रवाहको क्रममा आएका गुनासाहरुको उचित सम्बोधन र व्यवस्थापन गर्ने,

च) गुणस्तरीय र सर्वसुलभ स्वास्थ्य सेवाको लाग आवश्यक अन्य कार्यहरु गर्ने,

छ) सेवा संचालन तथा सेवा प्रदान गर्दा सेवा ग्राहीमा लाग्ने अस्पताल शुल्क निर्धारण गर्ने

(३) माथि जुनसुकै कुरा लेखिएको भएता पनि सञ्चालक समितिले गरेका नीतिगत निर्णय, कानूनी एवं संस्थागत महत्वपूर्ण निर्णय, कर्मचारी भर्ना नियुक्ति, अवकाससँग सम्बन्धित विषयमाथी निर्णय, गाउँपालिकाको संचित कोषबाट व्यभार हुने गरी भएका निर्णयहरु गाउँ कार्यपालिकाबाट अनुमोदन भए पछि मात्र लागू हुनेछन् ।

(४) सञ्चालक समितिको पदावधि ३ बर्षको हुनेछ ।

(५) समितिको बैठक सम्बन्धमा समितिले आवश्यक मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

**११. सेवा शुल्क निर्धारण सम्बन्धी व्यवस्थाः** (१) सर्वसाधारणलाई उचित मूल्यमा गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउने प्रयोजनको लागि अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाको गुणस्तरको आधारमा अस्पतालले लिन सक्ने सेवा शुल्क प्रचलित कानूनमा तोकिएको अवस्थामा सोहि बमोजिम र नतोकेको अवस्थामा अस्पताल बिकास समिती सिफारिसमा गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

२) अस्पतालले लिन सक्ने सेवा शुल्क प्रचलित कानूनको अधिनमा रहि दुई प्रकारको हुने छन् ।

१. आंसिक शुल्क : अस्पतालमा सेवा लिन आउनुहुने लक्षित समुहका सेवा ग्राहीलाई नियमानुरसार लाग्ने शुल्कमा ५० प्रतिशत आंसिक शुल्कमा निदानात्कम सेवा प्रदान गर्नु पर्ने छ ।

२. पुर्ण तथा अतिरिक्त शुल्कः अस्पताल संचालन प्रचलित नियम बमोजिम शुक्रवार १० देखी १ बजे सम्म र अन्य बारहरुमा १० देखी ३ बजे सम्म बाहेक शनिवार सहितको समयमा सेवा लिन आउने बिरामीका लागी नियमानुसार लाग्ने शुल्कमा अतिरिक्त (थप) शुल्क लाग्ने छ र सो शुल्क निर्धारण अस्पताल व्यबस्थापन समितीले गर्ने छ ।

**१२. पूर्ण सरकारी हुनेः** (१) ५ शैयाको गुराँस र १५ शैयाको रतिखोला अस्पताल पूर्ण सरकारी अस्पताल हुनेछ ।

(२) अस्पताल सञ्चालन र व्यवस्थापनको लागि आवश्यक जनशक्ति, भौतिक संरचना, आर्थिक स्रोत लगायतको व्यवस्थाको गाउँपालिकाले संघ तथा प्रदेश सरकारसँग समेत आवश्य समन्वय, सहकार्य र परामर्श गर्नेछ ।

**१३. कार्यविधिमा हेरफेर तथा संशोधनः** गाउँ कार्यपालिकाले उल्लेखित कार्यविधिमा आवश्यकता अनुसार हेरफेर तथा संशोधन गर्न सक्नेछ ।

**१४. व्याख्या गर्ने अधिकारः** यस कार्यविधिमा उल्लेखित मापदण्डको कुनै प्रावधानको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयनमा बाधा आई परेमा गाउँ कार्यापालिकाले सो मापदण्डको व्याख्या गर्नेछ ।

**१५. स्वतः अमान्य हुने** : यस कार्यविधिमा लेखिएको कुनै कुरा प्रचलित नेपाल कानूनको कुनै व्यवस्थासँग बाँझिएमा बाँझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

आज्ञाले
**बम बहादुर के.सी.**
**प्रमुख प्रशासकीय अधिकृत**